स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी' अमेरिकाको 'इजिप्टियन अमेरिकी फिल्म फेस्टिभल'मा छनोट भएको छ। अमेरिकाको न्युर्योकमा ३१ अक्टोबरदेखि २ नोभेम्बरसम्म आयोजना हुने फेस्टिवलमा विश्वका थुप्रै देशका फिल्म पनि सहभागी छन्। 'फेस्टिवलमा छनोट हुनु मिहिनेत सार्थक हुनु हो,' उनले भने, 'यो मेरो मात्र होइन, नेपालकै उपलब्धि हो।'

**आजको विचार...**



शिक्षा...

*(दुई पेजमा)*

डम्मर सिंह साउद

आगामी माघ ९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'परिवर्तन' को टिजर सार्वजनिक गरिएको छ। छठ पर्वको अवसर पारेर निर्माण टिमले फिल्मको टिजर सार्वजनिक गरेको हो। देशमा विद्यमान भ्रष्टाचार, बेथिति, अन्याय र अत्याचारको विरोध गर्दै युवाहरूले अब देश परिवर्तनको नेतृत्व लिनुपर्ने सन्देश बोकेको देख्न सकिन्छ। फिल्मका निर्माता तथा कथा लेखक दीपक शिवाकोटीले 'परिवर्तन'ले देशभक्त युवाको आवाजलाई पर्दामा उतार्ने प्रयास गरेको बताए।

❒ वर्ष ३१ अंक ९० ❒ २०८२ कात्तिक ११ गते मंगलबार 28 october 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## गाडीको ठक्करबाट एकको मृत्यु

**रासस**

**काठमाडौं,** कात्तिक १०/पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका- ७ लच्कास्थित सडकमा सोमबार बिहान ग्यास बुलेट गाडीले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ भने श्रीमती र छोरा घाइते भएका छन् । चितवनबाट मनहरीतर्फ आउँदै गरेको बा प्र २-०५७ प ३२३० नं को स्कुटरलाई सोही दिशातर्फ आउँदै गरेको एनएल ०१ एन ०२८० ग्यास बुलेटले ठक्कर दिँदा स्कुटर चालक सिन्धुपालचोकको चौतारा नगरपालिका-५ निवासी ३० वर्षीय केदार श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते श्रेष्ठलाई उपचारका लागि हेटौँडा अस्पतालमा ल्याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए ।

# रिब्दीकोटका किसानले अकबरे खुर्सानी बिक्री गरेर दसैँतिहार मनाए

**रामचन्द्र रायमाझी/रासस**

**तानसेन (पाल्पा),** कात्तिक १०/ यहाँको रिब्दीकोट गाउँपालिका फेकका जितबहादुर छहरीले अबकरे खुर्सानी बिक्री गरेर आएको आम्दानीबाट यस वर्षको दसैँतिहार मनाए । विगतमा आर्थिक अभावका कारण चाडपर्व मनाउन समस्या हुने गरे पनि यस वर्ष घरमा उत्पादित खुर्सानी बिक्रीबाट मनग्य आम्दानी भएको बताउँदै सोहीबाट दसैँतिहार मनाइएको उनले उल्लेख गरे ।

"पहिलेपहिले खर्चको जोहो गर्न कठिन थियो, तर अहिले खुर्सानी बेचेर सहज भयो, हामीलाई चाडपर्व मनाउन अरूसँग पैसा सापटी माग्नु



परेन", उनले भने । यस वर्ष दसैँअगाडि खुर्सानी बेचेर रु चार लाख आम्दानी भएको छहरीले जानकारी दिए । अन्नबाली लगाउँदा वन्यजन्तुबाट जोगाउन कठिन भएपछि अहिले अकबरे खुर्सानीखेती थालेको उनले बताए । अहिले यहाँ अधिकांश साना किसानको जीविकोपार्जनको स्रोत खुर्सानीखेती भएको उनको भनाइ छ । स्थानीय सीता खाम्चाले पनि यस वर्ष चाडपर्व मनाउन ऋण खोज्न नपरेको बताइन् । दसैँअगाडि अकबरे खुर्सानी बेचेर आएको आम्दनीबाट पर्वको जोहो भएको उनको भनाइ छ । उनले भनिन्, "विगतका वर्षमा दसैँतिहार नआए पनि हुन्थ्यो जस्तो लाग्थ्यो । आम्दानीको कुनै स्रोत थिएन, ऋण मागेर छोराछोरीलाई खुसी बनाउनुपर्ने बाध्यता थियो । अहिले खुर्सानीखेती गर्न थालेपछि सहज भएको छ । हालसम्म खुर्सानी बेचेर चार लाखभन्दा बढी आम्दानी भएको छ ।" छहरी र खाम्चालाई मात्र हैन यहाँका अधिकांश साना किसानले अकबरे खुर्सानी बेचेर मनग्य आम्दानी गर्नुका साथै पर्वको जोहो गरेका छन् । स्थानीय सरकार, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायत निकायले यहाँका कृषकलाई खुर्सानीखेतीका लागि सहयोग गर्न थालेपछि व्यावसायिक रूपमा यसतर्फ किसानको आकर्षण बढेको गाउँपालिकाकी कृषि शाखा प्रमुख प्रज्ञा लामटाङ्गेले बताइन् । उत्पादित वस्तु बजारीकरणका लागि स्थानीय सरकारले समन्वय गरिदिन थालेपछि अहिले यहाँ खुर्सानीखेती नभएको घर छैनन् । गाउँबस्तीका खेतीयोग्य जमिनमा दिउँसोको समय बाँदर, मृर्ग, हरिण तथा राति दुम्सी, बदेललगायत वन्यजन्तुले सताउन थालेपछि किसानले वैकल्पिक रूपमा व्यावसायिक खुर्सानीखेती गर्न थालेका उनले बताइन् । घरायसी प्रयोजनका लागि मात्र दुई-चार बोट लगाएका कृषकलाई स्थानीय सरकारले खुर्सानीखेती गर्न प्रेरित गर्न थालेपछि व्यावसायिक उत्पादन हुन थालेको किसानको भनाइ छ ।

*-बाँकी अन्तिम पेजमा...*

## स्वच्छ सहर: स्वस्थ्य सहर

-धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
-सवारी साधनको समय-समयमा मर्मत सम्भार गरौं,
-तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
-करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
-सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
-स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
-ध्वनि र वायु प्रदुषण कम गरौं,
-सडकको समय-समयमा मर्मत संभार गरौं,
-सडकमा निर्माण सामग्री नराखौं ।
सहरलाई सफा राखौ, सुन्दर बनाऔं !

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## जेन-जी प्रदर्शनपछि फरार दुई कैदीबन्दी पाल्पाबाट पक्राउ

**पाल्पा,** कार्तिक १०/गत भदौ २३ र २४ गते जेनजी प्रदर्शनका क्रममा विभिन्न कारागारबाट भागेका दुई फरार कैदीबन्दीलाई नेपाल प्रहरीले पाल्पाबाट पक्राउ गरेको छ । जिल्ला प्रहरी पाल्पा र सोमातहतको टोलीले जेनजी प्रदर्शनको मौका छोपेर भागेका २ कैदीबन्दीलाई पक्राउ गरेको हो ।

प्रहरीले नवलपरासी कारागार र कास्की कारागारबाट फरार रहेका एक /एक जना कैदीबन्दीलाई पक्राउ गरेको छ । नवलपरासी कारागारबाट फरार रहेका कैदीबन्दी



आइतबार पक्राउ परेका छन् । कारागार कार्यालय नवलपरासीमा लागूऔषध मुद्दामा कैद भुक्तान गरिरहेका कास्की पोखरा महानगरपालिका-२१, बस्ने २८ वर्षीय श्याम मगर भन्ने समिर गुरुङ पक्राउ परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक होमप्रकाश चौधरीले जानकारी दिए । प्रहरीको निरन्तर निगरानी तथा गोप्य सूचनाको आधारमा आइतबार बिहान अन्दाजी ३ बजेतिर प्रहरी चौकी प्रभास पाल्पाबाट प्रहरी हवल्दारको कमाण्डमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । प्रभासनजिकै निजकै ससुराली तानसेन नगरपालिका-१०, साडिखोलामा फेला पारी नियन्त्रणमा लिई कारागार कार्यालय पाल्पामा पठाइएको प्रहरीले जनाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## फजुल खर्च रोकौं संस्कृतिको सम्मान गरौं

हामी बहुजातीय, बहुभाषिक र बहुधार्मिकतासँग जोडिएका छौं । वर्षभरि विभिन्न चाडपर्व मनाइन्छ । दशैं, तिहार, छठ, माघे संक्रान्ति, होलीदेखि उता उदाउँदै गएका नयाँ पर्व सम्म । हाम्रा पर्वहरूले नेपाली समाजमा आपसी सद्भाव, मेलमिलाप र उत्साह ल्याउने वातावरण बनाउनुपर्छ । तर पछिल्लो समय चाडपर्वहरू मौलिक संस्कृतिको संरक्षणभन्दा पनि फजुल खर्चको प्रदर्शन मञ्च बन्दै गएको चिन्ता व्याप्त छ । चाडपर्वको नाममा गरिने अत्यधिक खर्चले घर–परिवारको आर्थिक अवस्था कमजोर बनाउँछ । ऋण लिएर लुगा, मोबाइल, मोटरसाइकल किन्ने, मोजमस्तीका लागि अनावश्यक खर्च गर्ने चलन बढ्दो छ । यस्तो प्रतिस्पर्धात्मक खर्चले खुशी भन्दा पनि मानसिक दवाब, ऋणभार र सामाजिक असमानता बढाउँछ । यो संस्कार र परम्पराप्रतिको सम्मान होइन, संस्कृतिको व्यावसायीकरण हो । हामीले बिर्सनु हुँदैन– चाडपर्वको सार एक अर्कामा सद्भाव बाँड्नु, पूजाआजा, परिवारसँग समय बिताउनु र आत्मसन्तोष प्राप्त गर्नु हो ।

धन देखाएर होइन, मन बाँडेर पर्वको अर्थ पुरा हुन्छ । अहिलेको पुस्तामा सामाजिक सञ्जालको प्रभावले देखाउने संस्कृतिले जरो गाड्दै गएको छ । फोटो र भिडियोमा देखिनको लागि गरिने खर्चले नेपाली समाजको नैतिक धरातल कमजोर बनाइरहेको छ । अब समय आएको छ–चाडपर्वलाई मितव्ययी, सार्थक र सामाजिक बनाउने । स्थानीय उत्पादन प्रयोग गर्ने, दान सहयोगमा खर्च गर्ने, वातावरणमैत्री उत्सव मनाउने संस्कारको सुरुवात गर्नुपर्छ । सरकारले पनि चेतनामूलक अभियान सञ्चालन गर्नुपर्छ जसले खर्च होइन, संस्कृतिको संरक्षणलाई प्राथमिकता देओस् । संक्षेपमा भन्नुपर्दा, चाडपर्व त हाम्रो पहिचान हो । तर त्यो पहिचान धन प्रदर्शन र फजुल खर्चले होइन, आपसी प्रेम, सादगी र सामूहिकताको भावनाले जोगिन सक्छ । त्यसैले अबको चेतना–चाडपर्व मनाऔं, तर फजुल खर्च नगरौं ।

### Opinion @ Social Network

श्री कृष्ण भन्नुहुन्छ
जिबन मा कहिले मौका मिल्यो भने
कसैको सारथि बन्नु स्वार्थी होइन ।

*(एलिषा थापाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Alisha.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षा क्षेत्रको राजनीतिक प्रदूषण र गहिरिंदो सङ्कट



डम्मर सिंह साउद

> *शिक्षा क्षेत्रमा यस्तो राजनीतिक नियन्त्रणको परिणाम केवल संस्थागत नैतिक पतन होइन, यो राष्ट्रिय चरित्रको क्षयीकरण हो । विद्यालय र विश्वविद्यालयबाटै दास मानसिकता, अवसरवाद, र बेइमानी सिकेर निस्केका जनशक्तिहरू नै पछि देशका राजनीति, प्रशासन, कानुन, न्यायालय र अन्य क्षेत्रमा पुगेर त्यही प्रवृत्तिलाई पुनःस्थापित गर्छन् । फलस्वरूप आज नेपालमा सुशासन, समानता, र न्याय केवल नारामा सीमित बनेका छन्। असल नागरिकहरू किनारामा छन्, र असक्षम तर पहुँचवाला व्यक्तिहरू सत्ताको केन्द्रमा छन् । चेतनाको आन्दोलनमा घुसपैठ देशको वर्तमान राजनीतिक अवस्था त्यसैको प्रतिबिम्ब हो । जनताले दशकौंसम्म भ्रष्ट शासन र बेइमान नेतृत्वबाट निराश भएर आक्रोश पोख्दा 'जेनजी आन्दोलन' जस्ता चेतनाको स्वरूप जन्मिए । युवाहरूले परिवर्तनको माग गरे ।*

नेपाल आज एउटा यस्तो मोडमा उभिएको छ, जहाँ राजनीतिक अस्थिरता, भ्रष्टाचार, अन्याय र विभेदले समाजका प्रत्येक तहलाई सङ्क्रमित बनाइसकेको छ । देशको राजनीति, प्रशासन, न्याय, चिकित्सा, प्रहरी, सेना, मिडिया र विशेषगरी शिक्षा क्षेत्र–सबैतिर राजनीतिक हस्तक्षेप, भागबण्डा, अन्याय, असमानता र अराजकताले जरा गाडेको छ । यसको मूल कारण देशको मेरुदण्ड मानिने शिक्षा क्षेत्रमा भएको चरम राजनीतिक हस्तक्षेप र भागबण्डाको संस्कृति नै हो। जब शिक्षा नै अस्वस्थ, प्रदूषित र दास मानसिकताबाट ग्रसित हुन्छ, तब त्यसले योग्य, इमान्दार र विवेकी नागरिक होइन, केवल अवसरवादी जनशक्ति उत्पादन गर्छ। यही जनशक्ति पछि देशका प्रत्येक निकायमा पुगेर विकृति दोहोऱ्याउँछ र परिणामस्वरूप सिङ्गो राष्ट्र पतनको दिशातर्फ धकेलिन्छ ।

**शैक्षिक संस्थाहरू राजनीतिक प्रयोगशालामा :** विगत केही दशकदेखि विश्वविद्यालय र विद्यालयहरू राजनीतिक दलहरूको प्रयोगशालामा परिणत भएका छन् । विद्यार्थी संगठनदेखि प्राध्यापक संघ, कर्मचारी संघ, सबै कुनै न कुनै राजनीतिक दलको छातामुनि सञ्चालित छन्। योग्यता र क्षमताभन्दा बढी मूल्य राजनीतिक निष्ठा र पहुँचले पाउँछ ।

प्राध्यापक बन्ने, विभिन्न पदाधिकारीको जिम्मेवारी पाउने, क्याम्पस प्रमुख वा डीन हुने, प्रशासनिक पद पाउने– यी सबै निर्णय भागबण्डा र सिफारिसको आधारमा हुने गर्छ । यसले शिक्षा प्रणालीको आत्मा नै मारेको छ । यसले योग्य, विचारशील, राष्ट्रप्रेमी र दूरदर्शी व्यक्तिहरूलाई पछाडि धकेलेर केवल दलको जयजयकार गर्नेहरूको वर्चस्व स्थापित गरिदिएको छ । शिक्षा क्षेत्रमा यस्तो राजनीतिक नियन्त्रणको परिणाम केवल संस्थागत नैतिक पतन होइन, यो राष्ट्रिय चरित्रको क्षयीकरण हो । विद्यालय र विश्वविद्यालयबाटै दास मानसिकता, अवसरवाद, र बेइमानी सिकेर निस्केका जनशक्तिहरू नै पछि देशका राजनीति, प्रशासन, कानुन, न्यायालय र अन्य क्षेत्रमा पुगेर त्यही प्रवृत्तिलाई पुनःस्थापित गर्छन् । फलस्वरूप आज नेपालमा सुशासन, समानता, र न्याय केवल नारामा सीमित बनेका छन्। असल नागरिकहरू किनारामा छन्, र असक्षम तर पहुँचवाला व्यक्तिहरू सत्ताको केन्द्रमा छन् ।

**चेतनाको आन्दोलनमा घुसपैठ**

देशको वर्तमान राजनीतिक अवस्था त्यसैको प्रतिबिम्ब हो । जनताले दशकौंसम्म भ्रष्ट शासन र बेइमान नेतृत्वबाट निराश भएर आक्रोश पोख्दा 'जेनजी आन्दोलन' जस्ता चेतनाको स्वरूप जन्मिए । युवाहरूले परिवर्तनको माग गरे, न्याय, सुशासन र योग्यता प्रणालीको स्थापनाको आवाज उठाए। तर दुर्भाग्यवश, त्यही आन्दोलनमा पनि विभिन्न दलका स्वार्थी तत्व र दास मानसिकता भएका व्यक्तिहरूले घुसपैठ गरे । आन्दोलनको वास्तविक मर्म– सुधार र सुशासनको आवाज– विकृत पारियो । देशको सम्पत्ति तोडफोड भयो, निर्दोष विद्यार्थीको रगत बग्यो, तर राजनीतिक दासहरूले फेरि पनि भ्रम छर्दै त्यसैको फाइदा उठाएर सत्ता र पदको खेल खेल्न सुरु गरिसकेको देखिन्छ । शिक्षा र चेतनाको जग कमजोर पारेर कुनै पनि देश टिक्न सक्दैन। शिक्षालयहरू विचार, विवेक र नैतिकताको केन्द्र हुनुपर्ने हो, तर नेपालमा तिनीहरू राजनीतिक गुटबन्दी र चाकरीको केन्द्र बनेका छन् । कतिपय प्राध्यापक, कर्मचारी र विद्यार्थीहरू अझै पनि अन्धभक्त भएर आफ्नो दलको जयजयकार गर्दै नेताको रक्षा र चाकरीमा व्यस्त छन् । यस्तो व्यवहारले शिक्षकको नैतिक उचाइ मात्र घटाएको छैन, शिक्षण पेसामाथि जनताको विश्वास पनि तोडेको छ । असल र इमान्दार विद्यार्थीहरूले आफ्ना शिक्षकलाई विवेकी मार्गदर्शक होइन, दलका प्रचारकका रूपमा देख्न थालेका छन् । अझ दुःखद कुरा, केही प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले आन्दोलनको समयमा आफ्नो राजनीतिक संगठन परित्याग गरेको घोषणा गरे पनि परिस्थिति सामान्य बन्दै जाँदा पुनः अन्धभक्त भएर आफ्नै दलमा फर्किए । यो व्यवहार उनीहरूको नैतिक कमजोरीको प्रमाण हो । यसले दर्साउँछ कि हाम्रा शिक्षित वर्गहरू पनि स्वतन्त्र सोच र विवेकभन्दा बढी सत्ता र पहुँचप्रति आकर्षित छन् । यस्तो प्रवृत्तिले देशको नैतिक नेतृत्वलाई कमजोर पारिरहेको छ ।

**समाधान: शिक्षाको शुद्धीकरण**

समस्या केवल केही व्यक्तिमा होइन, यो प्रणाली (सिस्टम) मै निहित छ । जब शिक्षक, विद्यार्थी र कर्मचारीहरू राजनीतिक रूपमा विभाजित हुन्छन्, तब शिक्षा स्वतन्त्र रहन सक्दैन। शिक्षालयहरू पार्टीका खेलमैदान बन्छन्, पाठ्यक्रम र मूल्याङ्कन प्रणाली पक्षपातपूर्ण बन्छ, र अनुसन्धान पनि नेताको मनपरीमा निर्भर हुन्छ। यसरी शिक्षा कमजोर भएपछि अन्य सबै क्षेत्र स्वतः पतनको दिशामा लाग्छन् । अब प्रश्न उठ्छ– उपाय के हो ? समाधान कहाँबाट सुरु गर्ने ? यसको उत्तर पनि शिक्षा क्षेत्रमै निहित छ । देशमा सुशासन, न्याय, समानता र समृद्धिको आधार निर्माण गर्न सबैभन्दा पहिले शिक्षा क्षेत्र सुधार गर्नुपर्छ । यसका लागि केही ठोस कदम आवश्यक छन्

**१. राजनीतिक हस्तक्षेप अन्त्य:** शिक्षण संस्थाहरूबाट राजनीतिक दलको प्रत्यक्ष हस्तक्षेप समाप्त गर्नुपर्छ। कुनै पनि शिक्षक, विद्यार्थी वा कर्मचारी संगठन कुनै दलसँग आबद्ध हुन नपाउने व्यवस्था कानुनी रूपमा सुनिश्चित गर्नुपर्छ। हरेक क्षेत्रबाट राजनीतिक दल निकटका सै संगठनहरू कानुन संशोधन गरेर खारेज गर्नुपर्छ र पेसागत हकहितका लागि एकमात्र स्वतन्त्र तथा निष्पक्ष पेसागत संगठनको व्यवस्था गर्नुपर्छ। विश्वविद्यालयहरूमा नियुक्ति, पदोन्नति र जिम्मेवारी योग्यता, अनुभव र पारदर्शी प्रतिस्पर्धाको आधारमा हुनुपर्छ ।

**२. आत्ममूल्याङ्कन :** शिक्षक र प्राध्यापकहरूले आत्ममूल्याङ्कन र आत्मालोचना गर्न आवश्यक छ । विगतमा गरिएका गल्तीहरू स्वीकार गर्दै आफ्नो विवेक पुनर्जागृत गर्नुपर्छ । शिक्षण पेसा केवल रोजगारी होइन, राष्ट्र निर्माणको दायित्व हो भन्ने चेतना जगाउन जरुरी छ ।

**३. स्वतन्त्र आन्दोलनको संस्कृति :** शिक्षक र विद्यार्थी दुवैले स्वतन्त्र सोच र नैतिकतामा आधारित आन्दोलनको संस्कृति पुनर्जीवित गर्नुपर्छ । राजनीतिक नेताको निर्देशनमा होइन, विवेकको आधारमा बोल्ने र निर्णय गर्ने संस्कार बनाउनुपर्छ ।

**४. पारदर्शिता र जवाफदेहिता :** शिक्षा प्रणालीमा पारदर्शिता र जवाफदेहिताको अभ्यास अनिवार्य हुनुपर्छ । पाठ्यक्रमदेखि परीक्षा प्रणाली र नियुक्ति प्रक्रिया सबैमा निगरानी र समीक्षा संयन्त्र स्थापना गर्नुपर्छ । त्यस्तै, नागरिक स्तरमा इमानदारी र विवेकको पुनर्जागरण हुनुपर्छ । शिक्षक, विद्यार्थी, अभिभावक र नीति निर्माता सबैले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ। जबसम्म हामीले गलतको विरोध गर्ने साहस र सत्यको पक्षमा उभिने आँट गर्दैनौं, तबसम्म परिवर्तन सम्भव हुँदैन ।

**निष्कर्ष :** नेपालमा आजको सङ्कट केवल शासन परिवर्तनको माग होइन, यो सोच र चरित्रको पुनर्जागरणको माग हो । यो समय आत्मसुधारको हो– पहिले शिक्षक, त्यसपछि विद्यार्थी, अनि समाज र राष्ट्र । यदि शिक्षित वर्गले नै विवेक गुमायो भने देश कहिल्यै सुशासन र समृद्धिको मार्गमा अघि बढ्न सक्दैन । देशको मुक्ति बाह्य शक्तिबाट होइन, आफ्नै चेतना, विवेक र इमानदारीबाट हुनेछ । जब शिक्षालयहरू पुनः विचार र नैतिकताको केन्द्र बन्छन्, जब शिक्षकहरू पुनः गुरु बन्ने साहस गर्छन्, तब मात्र नेपालले सुशासन, समानता र समृद्धिको नयाँ अध्याय सुरु गर्न सक्छ । नेपाल पुनर्जागरणको बाटो शिक्षाको शुद्धीकरणबाट सुरु हुन्छ । जब शिक्षण पेसा पुनः निष्पक्ष, विवेकी र स्वच्छ बनाइन्छ, तब मात्र हाम्रा विद्यालय र विश्वविद्यालयले असल नागरिक उत्पादन गर्न सक्छन् । र जब असल नागरिक जन्मिन्छन्, तब मात्रै राष्ट्र असल हुन्छ । त्यसैले अब शिक्षा सुधारलाई नै राष्ट्र सुधारको पहिलो कदम मान्दै, सबै शिक्षक, प्राध्यापक, विद्यार्थी र नागरिकहरू एकजुट भएर विवेक र इमानदारीको अभियान आरम्भ गर्नुपर्छ । यही बाटोले नेपाललाई उज्यालो भविष्यतर्फ लैजानेछ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कलाको क्षेत्रमा विशेष सफलता मिल्नेछ।आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ। | **तुला** : शेयर बजारबाट लाभ प्राप्त होला। इष्टमित्रहरूसँग रमाइलो समय बित्नेछ। |
| **वृष** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। नयाँ नोकरीको लागि मार्ग प्रशस्त हुनेछ। | **वृश्चिक** : जमघटले मन प्रशन्न रहनेछ। दिगो लाभ हुने कार्य प्रारम्भ होला। |
| **मिथुन** : नयाँ योजनाहरू बन्नेछन्। पेशामा अधिकारी वर्गहरुबाट सम्मान पाइनेछ। | **धनु** : पराक्रम र धैर्यमा वृद्धि हुनेछ। श्रमको उचित मूल्यांकन मिल्नेछ। |
| **कर्कट** : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **मकर** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। सवारी साधनमा धन खर्चका योग छन्। |
| **सिंह** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। योग्यताको उचित मूल्यांकन हुनेछ। | **कुम्भ** : काम समयमा सम्पादन नहोला। संवैधानिक पदको मर्यादा राख्नुहोस्। |
| **कन्या** : व्यापारबाट लाभ मिल्नेछ। अवसरवादीहरूबाट सावधान रहनुहोस्। | **मिन** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। विवादित समस्याहरू सुल्झिनेछन्। |

## विज्ञान/सूचना प्रविधि

# के पृथ्वीले दोस्रो चन्द्रमा पाएको हो ?




हालै अनलाइन दुनियाँमा नासाले पृथ्वीको कक्षामा दोस्रो चन्द्रमा पत्ता लगाएको हल्ला चलेको छ । तर, यस्ता हल्लाहरूलाई विश्वास नगर्नुहोला । पृथ्वीको साँच्चैको प्राकृतिक उपग्रह एउटा मात्र छ– हाम्रो वास्तविक चन्द्रमा, जुन २,१५९ माइल चौडा छ र लगभग २,३९,००० माइल टाढा अवस्थित छ । यद्यपि, खगोलविद्हरूले वर्षौंदेखि हाम्रो ब्रह्माण्डीय छिमेकमा थुप्रै यस्ता खगोलीय पिण्डहरू पत्ता लगाएका छन्, जसलाई उनीहरूले 'क्वाजी–मुन' (Quasi.moon) नाम दिएका छन् । भर्खरै देखिएको क्षुद्रग्रह २०२५ पीएन७ (Asteroid @)@% PN&) नै पृथ्वीको कथित दोस्रो चन्द्रमाको हल्लाको स्रोत बनेको देखिन्छ ।

**'क्वाजी–मुन' भनेको के हो ? के पृथ्वीका दुईवटा चन्द्रमा छन् ?**

छैनन् । तर अगस्टमा पत्ता लागेको 'क्वाजी–मुन' ले गर्दा पृथ्वीको दोस्रो चन्द्रमा भएको हल्लाले तीव्रता पाएको हो । हवाईको प्यान–स्टार्स अवजर्भेटरीले यो 'क्वाजी–मुन' लाई पहिलो पटक देखेको थियो। पछि यसलाई सौर्यमण्डलका नयाँ क्षुद्रग्रह, धूमकेतु र अन्य साना पिण्डहरूको अवलोकन तथा रिपोर्ट गर्ने आधिकारिक निकाय माइनर प्लानेट सेन्टरमा रिपोर्ट गरियो र यसलाई २०२५ पीएन७ नाम दिइयो । गैर–नाफामुखी संस्था प्लानेटरी सोसाइटीका अनुसार पृथ्वीका धेरै 'क्वाजी–मुन'हरू छन्, जसले हाम्रो वास्तविक चन्द्रमाको जस्तै व्यवहार गर्छन् जस्तो कि उनीहरूले पृथ्वीको परिक्रमा गरिरहेको जस्तो देखिन्छ । तर वास्तविकतामा, ती पिण्डहरू क्षुद्रग्रह मात्र हुन् र उनीहरूले सूर्यको परिक्रमा गर्छन् । उनीहरूको परिक्रमा पथ पृथ्वीको जस्तै हुन्छ र उनीहरू सधैँ पृथ्वीको नजिकै रहन्छन् । यो क्षुद्रग्रह मधुरो र सानो छ जसको व्यास करिब ६२ फिट छ । त्यसैले यो धेरै वर्षसम्म पत्ता लाग्न सकेन। वेबसाइट अर्थस्काईका अनुसार, यो अन्तरिक्ष चट्टान करिब ६० वर्षदेखि पृथ्वीको छेउछाउको कक्षामा रहेको विश्वास गरिन्छ र सूर्यले यसलाई टाढा नतानेसम्म अर्को छ दशकसम्म हाम्रो छिमेकीको रूपमा रहने अपेक्षा गरिएको छ । **'मिनी–मुन' र 'क्वाजी–मुन' बिचको भिन्नता :** सन् २०२४ मा पृथ्वीको कक्षा नजिक आएको अर्को एउटा सानो अन्तरिक्ष चट्टानलाई 'मिनी–मुन' भनिएको थियो । २०००४ पीटी ५ नाम दिइएको यो सानो चट्टान सेप्टेम्बर र नोभेम्बरको बिचमा पृथ्वीको नजिक आएर 'नियर–अर्थ अब्जेक्ट' को रूपमा वर्गीकृत भएको थियो । यसले हाम्रो ग्रहलाई कुनै खतरा नदिए पनि खगोलविद्हरूलाई यसको अध्ययन गर्न आकर्षित गरेको थियो । 'मिनी–मुन' र 'क्वाजी–मुन' बिचको मुख्य भिन्नता के हो त ? प्लानेटरी सोसाइटीका अनुसार 'क्वाजी–मुन' हरू स्थायी खगोलीय छिमेकी हुन्, जबकि 'मिनी–मुन' हरू केवल अस्थायी आगन्तुक मात्र हुन् । तिनीहरू साना र पत्ता लगाउन गाह्रो हुने भएकाले हालसम्म केवल चारवटा मात्र पत्ता लागेका छन् र तीमध्ये कुनै पनि अहिले पृथ्वीको परिक्रमा गरिरहेका छैनन् । संयोगवश, २०२४ मा पत्ता लागेको 'मिनी–मुन' वास्तवमा चन्द्रमाकै चट्टान हुन सक्ने अनुमान खगोलविद्हरूले गरेका छन् ।

*-रातोपाटी डटकम*

# माइकल फोले एनसेलको नयाँ सीईओमा नियुक्त




एनसेलको नयाँ प्रमुख कार्यकारी अधिकृत (सीईओ)का रूपमा माइकल फोले नियुक्त भएका छन् । उनको यो नियुक्ति आगामी कार्तिक १५ गतेदेखि लागू हुनेछ । नयाँ सीईओ नियुक्तिसँगै कार्यवाहक सीईओका रूपमासमेत कार्यभार सम्हाल्दै आएका सैयद इनामुल कबीरले कम्पनीको प्रमुख वित्तीय अधिकृत (सीएफओ) को आफ्नो महत्त्वपूर्ण भूमिकालाई निरन्तरता दिनेछन् । दुई दशकभन्दा बढी दूरसञ्चार क्षेत्रमा वरिष्ठ नेतृत्वको अनुभव बोकेका फोलेले यस क्षेत्रका प्रमुख कम्पनीहरूमा कुशल नेतृत्वका साथ सफलता हासिल गरेका उल्लेखनीय रेकर्डहरू रहेका छन् । एनसेलमा आबद्ध हुनुअघि, फोलेले एयरटेलमा फ्रेन्च अफ्रिकाका प्रमुखको रूपमा कार्यरत रहँदै सात वटा फ्राङ्गोफोन अफ्रिकी बजारहरूको सञ्चालन जिम्मेवारी वहन गरेका थिए । त्यसअघि उनले टेलिनोर पाकिस्तान (टीपी) का सीईओका रूपमा कार्य गर्दै कठिन व्यावसायिक परिस्थितिमा पनि कम्पनीलाई अगाडि बढाउँदै बजारमा अग्रणी वृद्धि, नाफा, र कर्मचारी संलग्नतामा पनि उल्लेखनीय सफलता हासिल गरेका थिए । उनका अघिल्ला नेतृत्वदायी भूमिकाहरूमा, ग्रामीणफोन (बङ्गलादेश) र टेलिनोर (बुल्गेरिया)मा सिइओ को पदसमेत समावेश छन्, जहाँ उनले उल्लेखनीय व्यावसायिक परिवर्तनको नेतृत्व गर्दै ग्राहक सङ्ख्या ७ करोडभन्दा माथि पुर्‍याएर र ईबिट्डामा ६० प्रतिशतभन्दा बढी वृद्धि हासिल गरेका थिए । फोलेले टामीर माइक्रोफाइनान्स (हालको इजीपैसा, पाकिस्तान) का अध्यक्ष र टेलिनोर हेल्थका अध्यक्षको रूपमा पनि काम गरेका छन् । हाल उनी अफ्रिकाको अग्रणी एसेट माइक्रोफाइनान्स कम्पनी वाटु अन्तर्गतको वाटु डीआरसी एसएका अध्यक्षका रूपमा कार्यरत छन् । नियुक्ति सम्बन्धी आफ्नो धारणा व्यक्त गर्दै फोलेले भने, "काठमाडौँमा एनसेलको यो जिम्मेवारी लिन पाउँदा म अत्यन्त खुसी र सम्मानित महसुस गरिरहेको छु । एनसेल, देशका लागि महत्त्वपूर्ण पूर्वाधार हो, जसले नेपाली जनताका लागि नयाँ अवसरहरू सृजना गर्दै, डिजिटल रूपान्तरणलाई अघि बढाउने, आर्थिक प्रतिस्पर्धात्मकता बढाउने र विदेशी लगानी आकर्षित गर्ने अपार सम्भावना बोकेको छ । आजको डिजिटल, एआई पावर्ड र सामाजिक सञ्जालको युगमा, दूरसञ्चार कम्पनीहरू केवल सेवा प्रदायक मात्र होइनौं, हामी समाजको डिजिटल संरचना बुन्ने भूमिका निभाइरहेका छौं । हामी आधुनिक अर्थतन्त्रको सञ्चालन प्रणाली बनिसकेका छौं । यसैले, राष्ट्रको सेवा गर्न, हाम्रा सेवाहरू सुदृढ बनाउन र सबैभन्दा महत्त्वपूर्ण रूपमा आगामी पुस्तालाई सशक्त बनाउनका लागि यी महत्त्वपूर्ण सम्पत्तिहरूलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्नु अत्यावश्यक छ ।" एनसेलको सञ्चालक समितिले फोलेको नेतृत्वमा गहिरो विश्वास व्यक्त गर्दै भन्यो, "हामी यस महत्त्वपूर्ण नेतृत्व भूमिकामा फोलेलाई एनसेलमा स्वागत गर्न पाउँदा अत्यन्त खुसी छौँ । उनको विस्तृत अनुभव र रणनीतिक दृष्टिकोण, एनसेलको रूपान्तरणलाई मार्गदर्शन गर्न र हाम्रा समुदायहरूलाई निरन्तर सेवा गर्ने प्रतिबद्धतालाई बलियो बनाउन महत्त्वपूर्ण हुनेछन् ।" फोल म्याकगिल विश्वविद्यालयका स्नातक हुन् र इनसीडबाट उनले ग्लोबल म्यानेजमेन्ट एन्ड गभर्नेन्समा एक्जिक्युटिभ सर्टिफिकेट्स प्राप्त गरेका छन् । उनी क्यानाडा–केन्या दुवैको नागरिक हुन् ।

**एनसेलको बारेमा**

एनसेल सन् २००४ मा स्थापना भई २००५ बाट सेवा प्रदान गर्दै आइरहेको नेपालको पहिलो निजी मोबाइल सेवा प्रदायक कम्पनी हो । प्रत्येक नेपालीलाई आफ्ना सेवाहरूमार्फत जोड्दै कनेक्टिभीका लाभहरू प्रदान गर्ने लक्ष्यका साथ कम्पनीले निरन्तर काम गर्दै आइरहेको छ । स्पेक्ट्लाइट यूके लिमिटेडका साथ एनसेल आम नेपाली उपभोक्ताहरूलाई नवीनतम र उत्कृष्ट सेवाहरू प्रदान गर्न प्रतिबद्ध रहेको छ, जसले डिजिटल नेपालको आकाङ्क्षाहरू हासिल गर्न योगदान पुर्‍याउने छ । एनसेल आफ्नो दृढ प्रतिबद्धता र क्षमतासहित डिजिटल सेवा, नवप्रवर्तन, लगानी तथा जीवन सहज र समृद्धि बनाउने उद्देश्यसहित सेवाहरूको विविधीकरणतर्फ अग्रसर छ, जसले आम नेपालीहरूको जीवनलाई अझ समृद्ध बनाउनेछ । डिसेम्बर १, २०२३ मा बेलायतस्थित स्पेक्ट्लाइट यूके लिमिटेडले आजियाटा ग्रुप बरवादअन्तर्गत रहेको आजियाटा यूकेबाट रेनल्ड्स होल्डिङ्स लिमिटेडको सय प्रतिशत सेयर स्वामित्व लिएको थियो। रेनल्ड्सको एनसेलमा ८० प्रतिशत स्वामित्व रहेको छ । एनसेल नेपालका सबैभन्दा ठूला करदातामध्ये एक हो। आफ्नो स्थापना पश्चात् कम्पनीले हालसम्म विभिन्न कर तथा शुल्कका रूपमा सरकारलाई ३६० अर्ब रुपैयाँभन्दा बढी तिरिसकेको छ। यसै गरी, कम्पनीले व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) मा एनसेल फाउन्डेसनमार्फत शिक्षा, वातावरण, स्वास्थ्य, कला र संस्कृतिको संरक्षण जस्ता क्षेत्रहरूमा विविध सामाजिक परियोजनाहरू कार्यान्वयन गर्दै २ अर्ब रुपैयाँभन्दा बढी योगदान गरिसकेको छ। यी पहलहरूले संयुक्त राष्ट्रसैंघको दिगो विकास लक्ष्य (एसडीजी) हासिल गर्न सरकारी प्रयासलाई सहयोग पुऱ्याइरहेका छन् ।

*-हाम्रा कुरा डटकम*

# पठाउनेले डिलिट गरिसकेका ह्वाट्सएप मेसेज कसरी हेर्ने ?




मेटा स्वामित्वको मेसेजिंग प्लाटफर्म ह्वाट्सएप विश्वभर लोकप्रिय प्लाटफर्मको रूपमा रहेको छ । यसमा विभिन्न प्रयोगकर्तामैत्री तथा सुरक्षित फिचरहरू उपलब्ध छन् । यसमध्ये एउटा फिचर हो Delete for Everyone । यो फिचरको मद्दतबाट तपाईंले आफूले कसैलाई पठाएका मेसेजहरू सबै र सधैँका लागि डिलिट गर्न सक्नुहुन्छ । अर्थात् यसरी डिलिट गरेका मेसेजहरू प्रापकले समेत हेर्न पाउँदैन । उसो त यो फिचर निकै उपयोगी छ, तर कतिपय प्रयोगकर्ताहरू त्यसरी प्रेषकले डिलिट गरेका ह्वाट्सएप मेसेजहरू पुन: पढ्नमा रुचि राख्दछन् । त्यसैले यदि तपाई पनि आफूलाई कसैले पठाएका तर पठाउनेले Delete for Everyone को प्रयोग गरी डिलिट गरिसकेका ह्वाट्सएप मेसेजहरू पढ्न चाहनुहुन्छ भने त्यसका लागि तपाईंले फोनको सेटिंगमा केही परिवर्तन गरेर त्यो चाहना पूरा गर्न सक्नुहुन्छ । यसका लागि सबैभन्दा पहिले तपाईंले आफ्नो फोनमा ह्वाट्सएप्को नोटिफिकेसन अन गर्नुपर्ने हुन्छ । त्यसपछि फोनको सेटिङमा जानुहोस् । त्यहाँ तपाईंले नोटिफिकेसनको अप्सन देख्नुहुन्छ । त्यसमा क्लिक गरेर :यचभ अप्सनमा जानुहोस् । To;leq Notification History को अप्सन देखिनेछ । उक्त अप्सनलाई पनि खुल्ला गर्नुहोस् । त्यसपछि तपाईंको फोनमा आउने हरेक नोटिफिकेसनको हिस्ट्री २४ घण्टासम्म संग्रहित हुनेछ । यसो गरिसकेपछि तपाईंको फोनमा ह्वाट्सएपमा आउने हरेक मेसेज नोटिफिकेसनको रूपमा सुरक्षित रहनेछ र तपाईंले त्यसलाई २४ घण्टासम्म फोनको हिस्ट्रीबाट हेर्न सक्नुहुन्छ । त्यहीँ ह्वाट्सएप मेसेज नोटिफिकेसनको रूपमा सेभ भएको हुन्छ । त्यसैले मेसज पठाउनेले त्यो मेसेज डिलिट गरेपनि कुनै फरक पर्दैन । किनकि तपाईंले उक्त मेसेज हेर्नका लागि ह्वाट्सएप भित्र जानै पर्दैन । यद्यपि नोटिफिकेसन हिस्ट्रीमा फोटो, भिडियो वा कुनै लिंक भने सेभ हुँदैन । त्यसैले ह्वाट्सएपमा पठाएका फोटो तथा भिडियोहरू प्रेषकले सबैका लागि डिलिट गरिसकेपछि त्यसलाई नोटिफिकेसन हिस्ट्रीबाट हेर्न सम्भव हुनेछैन र यसले केवल टेक्स्ट मेसेजको हकमा मात्रै काम गर्दछ ।

*-अनलाइन खबर डटकम*

# नेपालमा विश्वकै ठूलो कोडिङ प्रतिस्पर्धा हुँदै



विद्युत् तथा इलेक्ट्रोनिक्स इन्जिनियरहरूको प्रतिष्ठित संस्था आईईईई नेपाल सेक्सनले नेपालमा विश्वकै ठूलो कोडिङ प्रतिस्पर्धा आयोजना गर्ने भएको छ । आयोजक संस्था आईईईई नेपाल सेक्सनले शनिवार (अक्टोबर २५) मा पत्रकार सम्मेलन गरी कोडिङ प्रतिस्पर्धा 'आईईईई एक्सट्रिम १९.०' को आयोजना गर्न लागेको जानकारी दिएको हो । आगामी अक्टोबर २५ मा हुने यो प्रतियोगितामा ७५ भन्दा बढी देशका २० हजारभन्दा बढी विद्यार्थीबीच प्रतिस्पर्धा हुनेछ ।

आईईईई नेपाल सेक्सनका अध्यक्ष डा. अरुणकुमार तिमल्सिनाका अनुसार २४ घण्टासम्म निरन्तर सञ्चालन हुने यस प्रतियोगितामा विद्यार्थीले जटिल कोडिङ समस्या समाधान गर्नेछन् । डा. तिमल्सिनाका अनुसार कम्प्युटर इन्जिनियरिङ र कम्प्युटर साइन्स पढ्ने विद्यार्थीहरूले कम्प्युटर प्रोग्राम गरेर सूचना प्रविधि (आईटी) सम्बन्धी समस्या निराकरण गर्ने छन् । यसले विद्यार्थीमा सिर्जनशीलता, समस्या समाधान क्षमता र टिमवर्क कौशल वृद्धि गराउने विश्वास लिइएको छ । प्रतियोगिता पुरानो बानेश्वरस्थित सिद्धार्थ फुड्ल्याण्डमा आयोजना हुनेछ, जसले युवा प्रविधि प्रतिभालाई अन्तर्राष्ट्रियस्तरमा आफ्नो सीप प्रदर्शन गर्ने अवसर दिने उद्देश्य राखेको छ । *-रासस*

# अस्ताउँदो सूर्यलाई पूजाआराधना गरी अर्घ दिइयो



*राष्ट्रपति रामचन्द्र पौडेल काठमाडौंको गुहेश्वरीस्थित गौरीघाटमा सोमबार छठ मातालाई अर्घ्य दिदैं । तस्बिर : गोपाल दाहाल/रासस*

**पाल्पा,** कार्तिक १०/छठ पर्वको मुख्य दिन सोमबार साँझ अस्ताउँदो सूर्यलाई पूजाआराधना गरी अर्घ दिइएको छ । कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व अन्तर्गत अस्ताउँदो सूर्यलाई पूजाआराधना गरी अर्घ दिइएको हो ।

छठ पर्वका अवसरमा देशका विभिन्न स्थानका नदी किनारबाट भक्तजनले अस्ताउँदो सूर्यलाई पूजाआराधना गरी अर्घ दिएका हुन् । कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व शनिबारदेखि सुरु भएको हो । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भए अनुसार द्रोपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो । त्यस समयमा पाण्डवहरु विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुआत भएको किम्वदन्ती रहेको छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । षष्ठीका दिन रातभर जागा बसी कार्तिक शुक्ल सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजाआराधना गरी विधिपूर्वक अर्घ्य दिएपछि यो पर्व समापन हुन्छ । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । सूर्यको शक्तिविना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सा माथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणवाट कैयौँ असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ । साम्व पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आराधनाको फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देवता प्रसन्न भई बर्तालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट कामना पूरा गराउने गर्छन् । आर्थिक अभाव भएका मानिसहरु भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् । विसं २०४६ अघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रिय स्वरुप ग्रहण गरेको छ । विसं २०४६ देखि सरकारले यो पर्वका अवसरमा राज्यभर सार्वजनिक बिदा दिने गरेको छ । बीचमा केही वर्ष बिदा काटिएकामा अहिले फेरि दिन थालिएको छ ।

## रिब्दीकोटका...

...पालिकाले किसानलाई आर्थिक रूपले बलियो बनाउँदै आत्मनिर्भर बनाउने तथा वैदेशिक रोजगारीलाई निरुत्साहित गराउने उद्देश्यले अभियानका रूपमा व्यावसायिकखेतीतर्फ आकर्षित गर्न थालेको कृषि शाखा प्रमुख लामटाङ्गेले उल्लेख गरिन् । उनका अनुसार दसैँअघि खुर्सानी बिक्रीबाट गाउँपालिकाभित्र चार करोडभन्दा बढी रकम भित्रिएको छ ।

यहाँका कृषकद्वारा उत्पादित खुर्सानी सहकारीमार्फत बजारीकरण हुँदै आएको छ । कृषिमा केही हुँदैन भन्ने भाष्य विकसित हुँदै गएपछि पछिल्लो समय वैदेशिक रोजगारी प्रमुख गन्तव्य बन्दै गएको थियो । वैदेशिक रोजगारीको विकल्पमा अकबरे खुर्सानी वा नगदेखेती बनाउनका लागि उत्पन्न चुनौतीको सामना गर्दै चार करोडभन्दा बढी लगानी गरेर सुरुआत गरिएको खुर्सानीखेतीले आफ्नो सपना सार्थक बनाएको गाउँपालिकाका पूर्वअध्यक्ष नारायणबहादुर जिसीले बताए ।

## जेन–जी प्रदर्शनपछि...

...यस्तै जेनजी आन्दोलनका क्रममा कास्की कारागारबाट फरार अर्का अभियुक्तलाई पाल्पाबाटै प्रहरीले कार्तिक २ गते पक्राउ गरेको छ । माथागढी गाउँपालिका-३, का ४३ वर्षका केशव कुमाललाई प्रहरीले पक्राउ गरेको हो । गत भदौं २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा कास्की कारागारबाट भागेर फरार रहेका कुमाललाई उनकै घरबाट प्रहरीले नियन्त्रणमा लिएको हो । कुमाललाई कैद भुक्तानका लागि सम्बन्धित निकायमा पठाएको छ । प्रदर्शनको मौका छोपेर कारागारबाट भागेका कैदीबन्दीको प्रहरीले देशभर खोजी गरिरहेको छ । प्रहरीले आफ्नो समाज, छरछिमेकमा विभिन्न कारागारबाट भागेका कैदीबन्दी बसेका हुनसक्ने भन्दै त्यस्तो देखिएमा प्रहरीलाई खबर गर्नसमेत आग्रह गर्दै आएको छ । प्रहरीले आफ्नो वरपर पहिचान नखुलेका, नयाँ व्यक्तिहरूको बसोवास वा फरार थुनुवा, कैदीबन्दी रहेको सूचना भएमा नजिकको प्रहरी कार्यालय वा नेपाल प्रहरीको हटलाइन १०० मा सम्पर्क गरी जानकारी गराउन अनुरोध गरेको छ ।

खेलकुद समाचार

## नेपाल अमेरिकासँग १०६ रनले पराजित



**काठमाडौं,** कात्तिक १०/आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिदेशीय शृङ्खलामा नेपाल अमेरिकासँग १०६ रनले पराजित भएको छ । अमेरिकाले दिएको २ सय ६३ रनको लक्ष्य पछ्याएको नेपालले ३९ ओभर २ बलमा सबै विकेट गुमाएर १ सय ५६ रनमात्र बनाउन सक्यो । नेपालका दीपेन्द्र रन बनाए । अमेरिकाका हर्मीत सिंहले ६ विकेट लिए । यसअघि संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा टस हारेर ब्याटिङ गरेको अमेरिकाले ५० ओभरमा ६ विकेट गुमाएर २ सय ६२ रन बनायो । अमेरिकाका स्मित पटेलले ७५, मिलिन्द कुमारले नटआउट ७० रन बनाए । नेपालका सन्दीप लामिछानेले २ तथा सोमपाल कामी, दिपेन्दद्र सिंह ऐरी र आरिफ शेखले १/१ विकेट लिए । आइतबारदेखि शुरू भएको घरेलु टोली यूएई, नेपाल र अमेरिका सम्मिलित शृङ्खला आउँदो बुधवार कात्तिक १९ गतेसम्म चल्नेछ । प्रतियोगितामा हरेक टोलीले एक अर्कासँग समान दुई खेल खेल्नेछन् । आठ वटा टोली सम्मिलित लिग-२ मा नेपाल १७ खेलमा १२ अङ्कसहित तालिकाको सातौं स्थानमा छ । अमेरिका २१ खेलमा ३० अङ्कसहित शीर्ष स्थानमा उक्लिएको छ । यूएई १६ खेलमा ६ अङ्कसहित पुछारमा छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## जेन-जी आन्दोलनमा ज्यान गुमाएकाका परिवारलाई राहत



**पाल्पा,** कार्तिक १०/सरकारले जेन-जी आन्दोलनमा ज्यान गुमाएकाका परिवारलाई राहत उपलब्ध गराएको छ । भदौ २३ र २४ गते भएको आन्दोलनमा मृत्यु भएका ५३ जनाका परिवारलाई सरकारले आठ करोड राहत उपलब्ध गराएको हो ।

प्रत्येक परिवारलाई १५ लाख रुपैयाँका दरले राहत वितरण गरिएको गृहमन्त्रालयले जनाएको छ । कारागार फोडेर भाग्ने क्रममा सुरक्षाकर्मीको बल प्रयोगबाट मृत्यु भएका र शवको पहिचान नखुलेका मृतकका परिवारलाई भने राहत दिइएको छैन । यसबाहेक २३ र २४ भदौमा ज्यान गुमाउने मृतकका परिवारलाई प्रति मृतक १५ लाखका दरले राहत उपलब्ध गराउने गरी अर्थ मन्त्रालयमा पत्र पठाइएको थियो । अर्थले सोही बमोजिम रकम निकासा गरेपछि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत पीडित परिवारलाई राहत वितरण गरिएको छ ।

गृह मन्त्रालयको पत्रबमोजिम जेन-जी आन्दोलनमा मारिएका ५३ जनाका परिवारलाई 'सहिद सरह' राहत उपलब्ध गराइएको हो । तीमध्ये २३ भदौको प्रदर्शनमा प्रहरीको गोली प्रहारबाट ज्यान गुमाएका, उपचारका क्रममा मृत्यु भएकासहित २४ भदौमा फैलिएको हिंसात्मक प्रदर्शनमा मारिएका परिवारहरू पर्छन् । प्रहरी तथ्यांकअनुसार जेन-जी आन्दोलन र त्यसपछिका हिंसात्मक प्रदर्शनमा ज्यान गुमाउनेको संख्या ७६ पुगेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई